USAID अमेरिकी जनताबाट

CIVIL SOCIETY & MEDIA STAND

The Asia Foundation

Center for Media Research - Nepal
मिडिया अनुसन्धान केन्द्र - नेपाल

# पत्रकारितामा समावेशी मुद्दा नीति तथा कार्यान्वयन

शुभेच्छा विन्दु तुलाधर

यो अध्ययन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव भएको हो । यस 'पत्रकारितामा समावेशी मुद्दा नीति तथा कार्यान्वयन' भित्रका विषयवस्तु र सामग्री लेखकको एकल जिम्मेवारी हुन् र तिनले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन् भन्ने आवश्यक छैन ।

# १. परिचय

सबल लोकतान्त्रिक व्यवस्थाका लागि नेपाली पत्रकारितामा विविधता, समता र समावेशीकरण आवश्यक बिम्ब हुन् । नेपाली पत्रकारिता क्षेत्र र समाचार कक्षले विभिन्न समुदाय, वर्ग र क्षेत्रको उचित प्रतिनिधित्व र समाचार तथा सामग्रीमा उनीहरूको अनुभवलाई सही तरिकाले प्रतिबिम्बित गर्दा बहुलवादी समाजको यथार्थ झल्को आउन सक्छ । नभए प्रेसमाथि विश्वासको सङ्कट थपिनुका साथै दिगोपनामा समेत जोखिम बढ्दै जाने देखिन्छ ।

यस जोखिमलाई मध्यनजर गरेकै हुनाले समावेशी मिडिया बनाउन नीतिगतरूपमा विभिन्न व्यवस्था गरेको पाइन्छ । नेपालको मूल कानुनमा पनि नेपाललाई बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक रहेको स्पष्टरूपमा चित्रण गरेको पाइन्छ । नेपालको यो बहुल राष्ट्रिय चरित्रलाई २०७२ सालमा संविधान सभाबाट जारी संविधानले भाग १ धारा ३ मार्फत स्वीकार गरेको छ ।

संविधानमा राज्यको साधनस्रोतमा पहुँच नभएका, अवसरबाट वञ्चित आदिवासी जनजाति, मधेसी, महिला, मुस्लिम, दलित, पिछडिएको वर्ग र क्षेत्रका नागरिकलाई राज्यको मूल प्रवाहमा ल्याउने उद्देश्य राखिएको थियो भने उपेक्षित तथा उत्पीडित जाति, वर्ग, लिङ्ग, क्षेत्र र समुदायका अधिकार र सहभागिता सुनिश्चित गरिएको छ ।[१]

समाजको यो बहुल चरित्रलाई व्यवहारमा उतार्न राज्यले तर्जुमा गरेका सञ्चारसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियम, नियमावली, आचारसंहिता आदिमा समावेशी सहभागिताको सिद्धान्त पालना गर्नुपर्ने व्यवस्था छ । सञ्चार प्रतिष्ठानहरूमा कर्मचारी नियुक्त गर्दा, निर्णायक तहको समाचार कक्ष गठन गर्दा, समाचार सामग्रीहरु उत्पादन गर्दा, सञ्चार माध्यममा त्यसलाई स्थान दिँदा समावेशी सहभागितालाई ध्यान दिनुपर्ने व्यवस्था ती ऐन/नियममा छ ।

तर व्यवहारमा अवस्था सन्तोषजनक छैन । लेखक यमबहादुर दुराले लेख्नुभएको छ– 'सार्वजनिक विषयमा मुद्दा उठान गर्ने मिडिया आफैँ समावेशी भए मात्र बहुलवादी समाजको आवाज अझ बढी प्रतिनिधित्व हुन्छ भन्ने मत पनि उत्तिकै बलियो छ ।'[२]

सरकारी वा निजी तहका सञ्चार माध्यमले उत्पादन गर्ने सामग्री होस् वा यस क्षेत्रमा काम गर्ने कर्मचारीका सवालमा समावेशी प्रयास कमजोर देखिन्छ । जस्तो– गोरखापत्र संस्थानको नेपाली भाषी प्रकाशनहरूमा १ सय ४५ जना पत्रकार छन् । त्यसमा आदिवासी जनजाति पत्रकार १६ जना मात्र छन् । छैटौँ तह भन्दा माथिको सम्पादन समूह २७ जनाको छ जसमा आदिवासी जनजाति र मधेसी समुदायबाट १/१ जना छन् भने महिला ३ जना मात्र छन् । दलित र मुस्लिम शून्य छ । त्यसैगरी अर्को सरकारी माध्यम रेडियो नेपालको समाचार महाशाखामा कार्यरत ३० जना पत्रकारमध्ये जनजाति ६, मधेसी १ र महिला ११ जना छन् । अर्को सरकारी सञ्चार माध्यम नेपाल टेलिभिजनमा कार्यरत १ सय २० जना (स्ट्रिन्जरसमेत) मध्ये खस आर्य ५९.१६ प्रतिशत, आदिवासी जनजाति १९.१६ प्रतिशत, मधेसी ५ प्रतिशत, महिला १३.३३ प्रतिशत, दलित २५ प्रतिशत र मुस्लिम ०.८३ प्रतिशत छन् । यसरी हेर्दा समाचार कक्षमा समानुपातिक चरित्र अङ्गीकार भएको देखिन्न जसले त्यहाँ उत्पादन हुने सामग्रीको समावेशी सन्तुलनलाई पनि प्रभावित तुल्याएको छ ।

सन् २०२० डिसेम्बर ४ मा 'द राइजिङ नेपाल' मा प्रकाशित के. अर्यालको लेख उद्धृत गर्दै दुरा लेख्नुहुन्छ– 'राष्ट्रसङ्घीय विकास कार्यक्रमले गरेको एक अध्ययनले पनि नेपालमा विभिन्न छापा र प्रसारण माध्यम भए पनि आदिवासी जनजाति समूहका पत्रकार र सञ्चारकर्मीको न्यून प्रतिनिधित्वलाई प्रमुख चुनौतीका रूपमा लिएको जनाउँदै अन्य सामाजिक समूहका पत्रकारहरूसँग आदिवासी जनजातिका विषयमा सीमित ज्ञान हुने भएकाले त्यसको नतिजा उनीहरूसँग सम्बन्धित मुद्दाबारे कमजोर र खराब रिपोर्टिङ हुने हुँदा पत्रकारको

१ सापकोटा, तारामणि । (२०८०)। आमसञ्चार र समावेशी पत्रकारिता । सन्दर्भ मिडिया प्रा.लि.।

२ दुरा, यमबहादुर । (२०७९) । नेपाली मिडियामा जनजाति सवाल, नीति कानुन र व्यवहार । नीतिपत्र । सेन्टर फर मिडिया रिसर्च-नेपाल । Ihttps://shorturl.at/BkSLx

तालिममा ध्यान दिनुपर्ने सुझाव दिएको छ ।'[३]

यो आलेखमा राज्यका नीति, विभिन्न ऐन/कानुनमा समावेश सञ्चारसम्बन्धी व्यवस्थाबारे विश्लेषणसँगै हालको मिडियामा समावेशी अवस्था, यसको कार्यान्वयनको जटिलता र समावेशी बनाउने उपायबारे चर्चा छ ।

## १.२ लोकतन्त्र र पत्रकारिता

पत्रकारिता र लोकतन्त्रबीच नङ र मासु जत्तिकै गहन सम्बन्ध हुन्छ । एकबिना अर्को अधुरो हुन्छ । यदि कुनै देशमा तानाशाही वा अप्रजातान्त्रिक शासन व्यवस्था छ भने त्यहाँ पत्रकारिता विकास हुन सक्दैन । उदाहरण नेपाल आफैँ हो । २००७ सालअघिसम्म अप्रजातान्त्रिक राणा शासन भएका कारण पत्रकारिता फस्टाउन सकेन । २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि केही गति लिएको पत्रकारिता २०१७ सालमा पञ्चायती व्यवस्था लागु भएपछि पुनः सुस्ताउन थाल्यो । २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि पत्रकारिता क्षेत्र पनि पुनः जुर्मुराउन थाल्यो । २०४७ सालपछि मात्रै देशमा व्यावसायिक पत्रकारिताको विकास हुन थाल्यो । निजी क्षेत्रबाट रेडियो र टेलिभिजन स्टेसन स्थापना गरी आफ्नै कार्यक्रम चलाउने अवसर पनि त्यसपछि मात्र प्राप्त भएको हो ।

कुनै पनि देशको प्रजातन्त्र मापन गर्ने माध्यम उक्त देशमा उपलब्ध वाक् स्वतन्त्रताको मात्रा हो । जुन देशमा जति धेरै वाक् स्वतन्त्रता प्रदान गरिएको छ, त्यहाँ लोकतन्त्र त्यति नै बलियो रहेको मानिन्छ । जब देशमा लोकतन्त्रिक मूल्य/मान्यतामाथि प्रहार हुन्छ, सबै भन्दा पहिलो आक्रमण त्यहाँको पत्रकारिता क्षेत्रलाई गरिन्छ । त्यसैले पत्रकारितालाई बलियो बनाउन लोकतन्त्र आवश्यक छ भने लोकतन्त्रलाई बलियो बनाउन पनि पत्रकारिता आवश्यक हुन्छ ।

यिनै कुरालाई आत्मसात गर्दै नेपालमा पनि विशेष गरी निजी क्षेत्रबाट गरिएको पत्रकारिता क्षेत्रले हरेक पटक लोकतन्त्रलाई साथ दिँदै आइरहेको छ । लोकतन्त्रका लागि भएको हरेक आन्दोलनमा नेपाली प्रेसले लोकतन्त्र पक्षधरकै साथ दिएको छ ।

## १.३ समावेशी पत्रकारिता

नेपाल विविध जाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म आदिले भरिएको देश भएकाले देशका सबै निकायमा यी सबै समुदायको प्रतिनिधित्व होस् भन्ने चाहना हुन्छ । नेपालको संविधानले प्रस्तावनामै 'समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै'[४] भनेको छ । त्यसैगरी यही संविधानकै सामाजिक न्यायको हकअन्तर्गत 'आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ'[५] भनिएको छ । पत्रकारितालाई राज्यको चौथो अङ्ग भनिने कारण यसमा पनि समावेशीकरणको पूर्ण चित्र देखिनु आवश्यक हुन्छ ।

समावेशी पत्रकारिता भन्नाले सञ्चार माध्यमहरूले उत्पादन गर्ने समाचार/कार्यक्रमहरूमा समाजको सबै पक्ष समेटेर सामग्री उत्पादन गर्नुलाई बुझिन्छ । सञ्चार माध्यमहरूले उत्पादन गर्ने सामग्रीमा समाजका पछाडि पारिएका समुदायका सवाल समेट्न सके त्यसलाई समावेशी पत्रकारिता भन्न सकिन्छ । यस्ता सबै सवाल समेट्न सञ्चार गृहहरूमा सबै लिङ्ग, वर्ग, तप्काका समुदायको प्रतिनिधित्व हुने गरी जनशक्ति (विशेषतः पत्रकार) को सहभागिता जरूरी हुन्छ । पत्रकारिताले समावेशी सामग्रीहरूलाई स्थान दिन सके ती समुदायतर्फ पनि राज्यको ध्यान पुग्न सहज हुन्छ । समाजका सबै पक्षको समानुपातिक विकास नै समावेशी लोकतन्त्रको मूल मन्त्र हो । मुलुकमा समावेशी लोकतन्त्रलाई सही ढङ्गले सञ्चालन गर्नका लागि समावेशी पत्रकारिताको ठूलो योगदान हुन्छ । यसले राज्यको स्रोतसाधनलाई समानुपातिक ढङ्गले वितरण गर्न सहयोग गर्छ ।

अकल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीका भेरिका रूपरका अनुसार समावेशी पत्रकारिता परम्परागतरूपमा समाचार कभरेजमा छुटेका आवाजलाई प्रकाश पार्ने कार्य

३ दुरा, यमबहादुर । (२०७९) । नेपाली मिडियामा जनजाति सवाल, नीति कानुन र व्यवहार । नीतिपत्र । सेन्टर फर मिडिया रिसर्च-नेपाल । https://shorturl.at/BkSLx

४ नेपालको संविधान । २०७२ ।

५ नेपालको संविधान । २०७२ ।

हो । जुन विविधता, समता, प्रतिनिधित्व र समानताहरूमा आधारित हुन्छ ।[६] त्यसैगरी इन्क्लुसिभ जर्नालिज्म ह्यान्डबुकका अनुसार समाचार सामग्रीमा विविधता र समावेशी हुनका लागि विभिन्न सामाजिक र सांस्कृतिक पृष्ठभूमिका व्यक्ति समावेश समाचार कक्ष हुनुपर्छ ।[७] यस्तो समाचार कक्षले मात्र समावेशी पत्रकारिताको प्रतिनिधित्व गर्छ ।

इन्क्लुजन जर्नालिज्मले भने मिडियामा आवाज विविधता प्रदान गर्नका लागि सिर्जना गरिएको सम्पादकीय नीति र रिपोर्टिङ अभ्यासहरूको संयोजनका रूपमा लिएको छ समावेशी पत्रकारितालाई । समावेशी पत्रकारिताको अभ्यासले अन्यायपूर्ण सामाजिक संरचनाहरूको असमानतालाई सम्बोधन गर्न र त्यसका लागि विशेष उपायहरूको जाँच गर्छ ।[८] यसैगरी डेमोक्रेसी टुलकिटले मिडिया कभरेजमा विविधता लोकतन्त्रको स्वास्थ्य र कर्मका लागि महत्त्वपूर्ण भएको उल्लेख गर्दै भनेको छ– यसले नागरिकका सवालहरूमा दर्शकको संलग्नता वृद्धि गर्न र प्रजातान्त्रिक समाजका सबै क्षेत्रमा लेखाजोखा गर्ने पहुँच सुनिश्चित गर्छ ।[९]

समावेशी पत्रकारिताका आआफ्नै बुझाइ र परिभाषा छन् । सञ्चारसँग सम्बन्धित विभिन्न निकायले समावेशी पत्रकारिताका आधार र मापदण्ड तयार पारेका देखिन्छन् । तर यी सबैको परिभाषा र बुझाइ हेर्दा निष्कर्षचाहिँ सबै वर्ग, समुदाय, जातजाति, लिङ्ग, वर्ण, भूगोल आदिका मानिस समावेश भएर सबै पक्ष समेटिएका विषयवस्तु तयार पारिने अवस्थालाई समावेशी पत्रकारिता भन्नुपर्ने बुझिन्छ ।

यस प्रकारको समावेशी सामग्री उत्पादन गर्न सञ्चार माध्यमहरु र खासगरी समाचार/सामग्री उत्पादन गर्ने कक्ष पनि समावेशी हुनु अत्यन्त जरूरी छ । सञ्चार माध्यमको समाचार उत्पादन कक्ष (न्युज रूम) मा समावेशी ढङ्गले जनशक्ति व्यवस्थापन गर्न सकियो भने मात्रै त्यहाँबाट समावेशी सामग्री उत्पादन हुन सक्छ । त्यसैले समावेशी पत्रकारिताका लागि सञ्चार प्रतिष्ठानहरूमा पत्रकारको व्यवस्थापन पनि समावेशी ढङ्गले हुनु आवश्यक छ । एउटै समुदाय, एउटै भाषा, एउटै लिङ्गका पत्रकारहरूले भरिएको समाचार कक्षले समावेशी सामग्री उत्पादन गर्न सक्दैन । यसले समावेशी पत्रकारिताको अभ्यास रोक्छ । सञ्चार माध्यमहरूमा जनशक्तिको अवस्था हेर्ने हो भने यसरी समावेशी ढङ्गले जनशक्ति व्यवस्थापन गरिएको पाइँदैन ।

समावेशी पत्रकारिताको कुरा गर्दा कतिपय अवस्थामा सरोकारवाला निकायहरु नै द्विविधामा रहेका देखिन्छ । जनशक्तिको मात्र समावेशीकरण वा उत्पादन गरिने विषयवस्तुको पनि समावेशीकरण भन्नेमा प्रायः अस्पष्टता देखिन्छ । जस्तो– नेपाल पत्रकार महासङ्घले आफ्नो परिचयअन्तर्गत 'समावेशीकरण' उपशीर्षकमा भनेको छ– समावेशीकरणको सिद्धान्तलाई महासङ्घले धेरैअघिदेखि नै आत्मसात गर्दै आएको छ । पछिल्लो समयमा विभिन्न चरणमा भएका विधान संशोधनमार्फत महासङ्घले केन्द्रदेखि शाखासम्मका सबै संरचनाहरूमा सबै समुदाय, लिङ्ग र शारीरिक अवस्था भएका पत्रकारहरूको प्रतिनिधित्व सुनिश्चित गर्न निश्चित सङ्ख्यामा सिटहरूको व्यवस्था गरेको छ' भनेको छ ।[१०]

त्यसैगरी मिडियामा बहुलता, विविधता, लैङ्गिक समानता र समावेशिताको अवधारणालाई मूर्तता दिन आवश्यक प्रयास महसुस गरी मिडियामा समावेशीकरणको लागि सूचना तथा सञ्चार मन्त्रालयबाट गठित आयोगको प्रतिवेदन र लैङ्गिक समानताको प्रवर्द्धनको निम्ति नेपाल पत्रकार महासङ्घद्वारा २०७१ जेठमा आयोजित पत्रकार महिलाको राष्ट्रिय भेलाद्वारा पारित घोषणापत्र तथा सरकारले तयार गरेको सञ्चार प्रतिष्ठानहरूलाई लैङ्गिकमैत्री बनाउने निर्देशिका २०७१ कार्यान्वयनमा लैजान महासङ्घले जारी राखेको प्रयासलाई थप उचाइका साथै निरन्तरता दिइने पनि महासङ्घको

६ Rupar, V. (2017). Inclusive Journalism: How to shed light on voices traditionally left out in news coverage. Journal of Applied Journalism & Media Studies. 6(3) 417-423. https://doi.org/10.1386/ajms.6.3.417_1

७ Rupar, V., & Zhang, C. (2022). Inclusive Journalism HandBook. Media Diversity Institute. https://www.media-diversity.org/wp-content/uploads/2022/03/Inclusive_Journalism_Handbook-2.pdf

८ Rupar, V. (2017). Inclusive Journalism: How to shed light on voices traditionally left out in news coverage. Journal of Applied Journalism & Media Studies. 6(3) 417-423. https://doi.org/10.1386/ajms.6.3.417_1

९ Democracy Toolkit. (n.d). Conveying The Democratic Value in Inclusive Journalism. https://democracytoolkit.press/resources/inclusive-journalism-education/

१० नेपाल पत्रकार महासङ्घ । https://www.fnjnepal.org/np/page/introduction

रणनीतिक दृष्टिकोण पत्रमा उल्लेख छ ।[११]

समावेशी पत्रकारिताको कुरा गर्दा ख्याल गर्नुपर्ने पक्ष अर्को पनि छ । पहिलो कुरा त सरोकारवालाहरूले समावेशी पत्रकारिताको सवाललाई जनशक्तिको कोणबाट मात्र हेर्ने गरेका देखिन्छ भने उठान भएका सीमित विषयमा पनि लैङ्गिकतालाई मात्र ध्यान दिइएको देखिन्छ । यस्तो अवस्थामा समावेशी पत्रकारितालाई हेर्ने अवधारणागत प्रष्टता नै जरूरी देखिन्छ ।

नेपाल जस्तो बहुजातीय, बहुसांस्कृतिक मुलुकमा समावेशिता लोकतन्त्रको महत्त्वपूर्ण आधार हो । समावेशी लोकतन्त्रले राज्यको मूल प्रवाहबाट किनारीकृत जाति, वर्ग र समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउँछ । राज्यका साधनस्रोत र अवसर समावेशी सहभागिताले सुनिश्चित गर्दछ । तर लोकतन्त्रले प्रदान गरेको यो अवसरलाई सबै समुदायले उत्तिकैरूपले ग्रहण गर्न सकेको हुँदैन । सदियौँदेखि पछाडि पारिएका समुदाय, वर्ग, लिङ्ग, क्षेत्रका जनतालाई विशेष प्राथमिकतामा राखी अवसर प्रदान गर्नुपर्ने हुन्छ । इतिहासको कुनै कालखण्डमा कुनै कारणवस उत्पीडनमा पारिएको समुदाय वा वर्गका जनतालाई पछि खुला समाजमा अवसर प्रदान गरिहाले पनि उनीहरु त्यो अवसर उपयोग गर्न सक्षम हुँदैनन् । त्यस्तो बेला उक्त समुदायलाई विशेषरूपले नै समावेशी सहभागिताको माध्यमबाट समेट्नुपर्ने हुन्छ ।

समावेशीकरणको यो सिद्धान्त पत्रकारितामा पनि लागु हुनुपर्छ । नभए नेपाली समाजको इन्द्रेणी चित्रण पत्रकारितामा देख्न नसकिने हुन्छ । त्यसैले पत्रकारितामा संलग्न पत्रकार, समाचार उत्पादन गर्ने स्थान, समाचार सामग्री र समाचारले समेट्ने विषयवस्तुमा पनि उत्पीडित जाति, भाषा, धर्म, क्षेत्र, लिङ्गलाई स्थान दिनुपर्ने हुन्छ । तर नेपाली सञ्चार माध्यमहरूमा प्रकाशित सामग्रीहरु अध्ययन गर्दा पत्रकारिताले यो समुदायलाई समावेशीकरण गर्न सकेको देखिँदैन ।

युनेस्को मिडिया घोषणापत्रले पनि जातीय विभेद, रङ्गभेद आदि अन्त्य गर्नका लागि मिडिया समावेशी हुनुपर्ने कुरामा जोड दिएको छ । यस्ता कुनै पनि प्रकारका विभेद अन्त्य गर्न मिडियाले भूमिका खेल्न सक्ने उल्लेख गर्दै युनेस्को मिडिया घोषणापत्रले यसका लागि मिडिया आफैँ पनि समावेशी हुनुपर्ने स्पष्ट गरेको छ ।[१२]

## १.४ समावेशी पत्रकारिताको अन्तर्राष्ट्रिय अभ्यास

पत्रकारिता यदि समाजको सही चित्रण गर्ने ऐना हो भने समाजका सबै समुदायको चित्र त्यसमा आउनै पर्छ । त्यसैले पत्रकारिता समावेशी हुनैपर्ने धारणा राख्नुहुन्छ युनिभर्सिटी अफ क्यान्टवेरीका डा. तारा रोस । उहाँ भन्नुहुन्छ– हरेक मानिससँग आआफ्नै पूर्वाग्रह हुन्छ । त्यो पूर्वाग्रह समाचार कक्षमा पनि प्रकट भइरहेको हुन्छ । त्यसैले पनि समाचार कक्ष समावेशी हुनुपर्छ । न्यूजिल्यान्डमा आदिवासी माओरी समुदायको जनसङ्ख्या ७ प्रतिशत छ तर मिडियामा उनीहरूको समाचार १ प्रतिशत मात्रै आउने गर्छ ।[१३]

उहाँका अनुसार सञ्चार माध्यमहरूले समावेशी सिद्धान्त मनन गरी समाचार सम्प्रेषण गर्छन् भने त्यसले समाजमा शान्ति र चैन कायम गर्छ, त्यसलाई बेवास्ता गर्छन् भने द्वन्द्व, असन्तोष र अशान्ति उत्पन्न हुन सक्छ ।[१]

भारतमा समावेशी पत्रकारिताका सन्दर्भमा अहिले 'सामुदायिक पत्रकारिता' को अवधारणा अगाडि ल्याइएको छ । तथाकथित मूलधारका सञ्चारले नदेखेका स्थानीय मुद्दाहरूलाई आफैँले सामुन्ने ल्याइदिने उद्देश्यले यो अवधारणा बनाइएको हो । सामुदायिक पत्रकारिताको एउटा उद्देश्य आफ्ना मुद्दाहरूप्रति 'मूलधारे' मिडियाको ध्यान खिच्नु पनि हो ।[१४]

११ नेपाल पत्रकार महासङ्घ । (२०७४) । रणनीतिक दृष्टिकोण (२०७४-७६) । https://www.fnjnepal.org/uploads/pages/page_1610519694.pdf

१२ UNESCO. (1978). Records of the General Conference, 20th session Paris, 24 Ocotober to 28 November 1978, v.1: Resoultions. https://unesdoc.unesco.org/ark:/48223/pf0000114032.page=99

१३ Ross, T. (2019). Inclusive Journalism. In Strong, C (ed.) Journalism Series, Wellington: JEANZ.

१४ Paul. P., Kusuma, K.S., & Biswal, S.K. (2023). Inclusive Communication through Community Journalism: Emerging Community Media Practices in India. Journal of Medi and Communication. 7(1):38-53. https://www.researchgate.net/publication/371990962_Inclusive_Communication_through_Community_Journalism_Emerging_Community_Media_Practices_in_India

'जे घटना भएको हो त्यो समाचार होइन । के घटना भएको थियो भनेर अरूले जे भन्छ त्यो समाचार हो ।' त्यसैले समाचारमा सबै पक्षको कुरा आउनु जरूरी भएको हो । अमेरिकामा अहिले पत्रकारिता किन समावेशी हुनुपर्छ भन्ने सन्दर्भमा यो अवधारणालाई सामुन्ने राख्ने गरिएको पाइन्छ ।[१५]

अमेरिकामा विशेषगरी गरिब वर्ग, काला जाति, फरक क्षमता भएका व्यक्ति, आप्रवासीहरु र मजदूर वर्गलाई मिडियाले ध्यान नदिएको आरोप लाग्ने गर्छ ।

हाम्रै केही छिमेकी मुलुकको पत्रकारितामा समावेशिता हेर्दा नेपालकै जस्तो अवस्था देखिन्छ । अक्सफाम इन्डियाले भारतको १ सय २१ समाचार कक्षलाई आधार मानी गरेको एउटा अध्ययनअनुसार १०६ वटा पत्रिका, टेलिभिजन वेबसाइट आदिको सम्पादक, प्रबन्ध सम्पादक, ब्युरो चिज जस्ता उच्च पदहरूको नेतृत्व उच्च जातिका व्यक्तिबाट भएको छ । त्यसैगरी टेलिभिजनमा हुने मुख्य बहसका कार्यक्रमका एङ्करमध्ये ७५ प्रतिशत उच्च जातका छन् । त्यति मात्र हैन, बहसमा निम्त्याइनेहरु पनि ७० प्रतिशत उच्च जातकै हुने गरेका छन् । विषयवस्तुको कुरा गर्दा हिन्दी र अङ्ग्रेजी पत्रिकामा जातीय विषयमा लेखिएका आधा भन्दा बढीका लेखक उच्च जातिका छन् । यसरी नै समाचारप्रधान वेबसाइटहरूमा लेखिएका यस्ता लेखका लेखकमध्ये पनि ७२ प्रतिशत उच्च जातकै छन् । अध्ययनमा समेटिएका १२ पत्रिकाको आवरणमा ९ सय ७२ वटा लेख छापिएका थिए जसमा १० वटा मात्रै जातसँग सम्बन्धित सवाल थिए ।[१६]

बङ्गलादेशको २ पत्रिका, २ अनलाइन र २ टेलिभिजनमाा सन् २०२२ को जुलाइ र अक्टोबरमा प्रकाशन/प्रशारण भएका १८४४ समाचार सामग्रीमा गरिएको एउटा सर्वेक्षणले त्यहाँको मिडियामा लैङ्गिक समावेशिताको अवस्था बुझ्न सघाउँछ । जसमध्ये ६३ वटा (१२.०७ प्रतिशत) सामग्री मात्र महिलाले तयार गरेका थिए । यसबाट ती सञ्चार माध्यममा महिलाको सार्थक उपस्थिति झल्कन्छ । टिभी प्रस्तोता भने ७८.२७ प्रतिशत महिला थिए ।[१७]
उता श्रीलङ्काको अवस्था हेर्दा पनि समावेशिताका हिसावले सन्तोषप्रद् देखिँदैन । युएसएआइडीले गरेको एक अध्ययनले सञ्चार गृहका सिइओ, निर्देशक जस्ता कार्यकारी पदहरूमा महिलाको सङ्ख्या १२ प्रतिशत मात्र रहेको देखाएको छ । त्यसैगरी वरिष्ठ व्यवस्थापन तहमा उनीहरूको प्रतिशत मात्र १७ छ । यो अध्ययनले जनाएअनुसार पत्रकारितामा महिलाको सङ्ख्या बढे पनि उनीहरु राजधानी कोलम्बो आधारित अङ्ग्रेजी माध्यमका सञ्चार माध्यममा बढी केन्द्रित छन् ।[१८]

अर्कोतर्फ माल्दिभ्सका पत्रकारहरूले नै व्यक्त गरेका केही धारणाले पनि त्यहाँको पत्रकारितामा समावेशिताको अवस्था बुझ्न सघाउँछ । युरोपियन कमिसन, माल्दिभ्स जर्नालिस्ट एसोसिएसनलगायतले गरेको एउटा अध्ययनअनुसार कुराकानी गरिएकामध्ये २० प्रतिशत पत्रकार उत्तरदाताले मिडियामा सामाजिक विविधताको कमी भएको स्वीकार गरेका थिए । त्यसैगरी १६ प्रतिशत उत्तरदाताले लैङ्गिक र समानताका क्षेत्रमा मिडियाले थप काम गर्न आवश्यक भएको बताएका थिए भने १२ प्रतिशत उत्तरदाताले चाहिँ मिडियाले सामग्रीहरु प्रस्तुत गर्दा उमेरगत विविधतालाई ख्याल गर्न आवश्यक रहेको बताएका थिए ।[१९] मिडियाले समावेशिताका लागि धेरै काम गर्न बाँकी भएको पत्रकारहरूले नै स्वीकार गर्नुबाट माल्दिभ्सका पत्रकारहरूमा समावेशिताको चेतचाहिँ वृद्धि भएको मान्न सकिन्छ ।

विकसित भनिने देशहरूको पत्रकारिता पनि खासै समावेशी नदेखिने अध्ययनहरूले पुष्टि गरेका छन् । जस्तो- रोयटर्स इन्स्टिच्युटले गरेको एक अध्ययनमा ८१ जना मुख्य सम्पादकमध्ये २३ प्रतिशत मात्र गैरसेता

१५ Rupar, V. (2017). Inclusive Journalism: How to shed light on voices traditionally left out in news coverage. Journal of Applied Journalism & Media Studies. 6(3) 417-423. https://doi.org/10.1386/ajms.6.3.417_1

१६ Oxfam India. (2019). Who Tells Our Stories Matters: Representation of Marginalised Caste Groups in Indian Newsroom. https://shorturl.at/OyP5r

१७ Ed. Hasan, S.K., Islam, S & Mahmud, F. (2022). Inclusion. South Asia center for Media in Development (SACMID), Mohammadpur, Dhaka, Bangladesh. https://sacmid.asia/wp-content/uploads/2022/11/Inclusion-Issue-05-July-October-2022.pdf

१८ Kolundziji, A. et.al. (2020). Gender and Social Inclusion Analysis. USAID/ Sri-lanka. https://pdf.usaid.gov/pdf_docs/PA00WQ5R.pdf

१९ IFA & MJA. (2023). Media Mirror Unveiling public trus in the Maldivian Media. https://www.ifj.org/fileadmin/user_upload/231219_Media_Mirror_-_Unveiling_Public_Trust_in_the_Maldivian_Media.pdf

समुदायका थिए जबकि अध्ययन गरिएका मुलुकमा ४४ प्रतिशत बासिन्दा गैरसेता थिए । अध्ययनमा बेलायत, ब्राजिल, जर्मनी, अमेरिका र दक्षिण अफ्रिका जस्ता देशका सयवटा अग्रणी मिडिया समेटिएका थिए ।[२०]

## १.५ नेपालमा समावेशी पत्रकारिताको आवश्यकता

नेपाल संविधानद्वारा नै घोषणा गरिएको बहुजातीय, बहुभाषिक, बहुधार्मिक मुलुक हो । नेपालमा १ सय २३ जाति र १ सय २४ वटा भाषा रहेको तथ्याङ्क २०७८ सालको राष्ट्रिय जनगणनाले देखाएको छ । यीमध्ये धेरै भाषा र जाति अत्यन्त पछाडि छन् । नेपाली र अङ्ग्रेजी भाषाको प्रभावले बोलचालको भाषाका रूपमा मातृभाषाको प्रयोग घट्दो रहेको भाषा आयोगको अध्ययनले देखाएको छ । सुदूर पश्चिमका धेरै जिल्ला अझै पिछडिएको अवस्थामा छन् । कुल जनसङ्ख्यामा बहुसङ्ख्यक महिला हुँदाहुँदै पनि राज्यको मूलधारमा महिलाको सङ्ख्या न्यून रहेको पाइन्छ । समावेशी सहभागिताको यो असन्तुलन उजागर गर्नु पत्रकारिताको कर्तव्य हो । यदि नेपाली मिडियामा यी समुदायको सही चित्रण देखाउन सकिएन भने त्यो मिडिया कर्म नै अधुरो हुन पुग्छ । यसका लागि आमसञ्चार माध्यममा स्थानीय भाषा तथा पछाडि परेको जाति, वर्ग र समुदायको सहभागिता र पहुँच हुनु आवश्यक छ ।

सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग-२०६९ को प्रतिवेदनका अनुसार पत्रकारितामा महिला, आदिवासी, जनजाति, दलित, मधेसी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्ग तथा अल्पसङ्ख्यक समुदायहरूको सहभागिता अत्यन्त न्यून छ । सञ्चार माध्यमहरूमा भौतिक उपस्थितिको कमीका कारण महिला, आदिवासी, जनजाति, दलित, मधेसी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गको समाचार न्यायोचितरूपमा सम्प्रेषण भइरहेको छैन भन्ने गुनासो व्यापक छ । राज्यले समावेशी नीति अवलम्बन गरिसकेको छ । राज्यको चौथो अङ्ग भनिने सञ्चार क्षेत्र पनि समावेशी नीतिबाट टाढा रहन सक्दैन । मिडिया क्षेत्रमा समावेशीकरण आजको अपरिहार्य विषयवस्तु भइसकेको छ ।[२१]

बहुलवादी नेपाली समाजमा आमसञ्चार नामक कृतिका अनुसार बहुलवादी समाजमा प्रतिपक्षी समूह अल्पसङ्ख्यक समूह, पिछडिएको वर्ग वा दलित समुदायहरूको आ-आफ्नै माध्यम विकसित हुने वातावरण बनेको हुन्छ भने त्यस्तो माध्यमबाट वैकल्पिक विचार धारणाहरू, मत अभिमत तथा विविध सन्देशहरु सञ्चारित हुन सक्ने सम्भावना प्रशस्तै रहेको हुन्छ । यस्तो समाजमा प्रजातान्त्रिक मूल्य र मान्यताको सही व्याख्या, सही अभ्यास र सही माध्यमहरु उपलब्ध हुन्छन् ।[२२]

वि.सं. २०६३ मा गठित उच्चस्तरीय मिडिया सुझाव आयोगले पनि आफ्नो प्रतिवेदनमा समावेशीकरणको सिद्धान्तलाई पत्रकारिताको क्षेत्रमा सार्थक तुल्याउन महिला, आदिवासी, जनजाति, दलित, मधेसी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गहरूलाई प्रोत्साहन गर्नु सबैको दायित्व ठानिनुपर्छ भनेको छ । यस्ता पत्रकारहरूको सिप विकासका निम्ति तालिम र प्रशिक्षणको व्यवस्था गरिनुपर्छ भन्दै यो प्रतिवेदनले यसका निम्ति सम्बद्ध सञ्चार माध्यमका अतिरिक्त राज्यले समेत लगानी गर्नु जरूरी भएको पनि बताएको छ । साथै सञ्चार माध्यमहरूले पत्रकारहरूको सेवाकालीन तालिमलाई विशेष महत्त्व र सहुलियत दिनुपर्छ भन्दै प्रतिवेदनले राष्ट्रिय सञ्चार नीतिमा लैङ्गिक समानताको विषयलाई समावेश गरिनुपर्छ भन्ने उल्लेख गरेको छ ।[२३]

यसरी समग्रमा विश्लेषण गर्दा बहुलवादी समाज नेपालको सुन्दर पक्ष हो । साथै संवेदनशील विषय पनि । यदि यसको सही व्यवस्थापन हुन सकेन भने यसैबाट द्वन्द्व उत्पन्न भई मुलुकमा अशान्ति पनि मच्चिन

२० Atguedas, A.R., Mukherjee, M & Nielsen, R.K. (2024, March 21). Race and leadership in he news media 2024: Evidence from five markets. Reuters Institute. https://reutersinstitute.politics.ox.ac.uk/race-and-leadership-news-media-2024-evidence-five-markets

२१ सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग-२०६९ को प्रतिवेदन । (२०६९) । https://shorturl.at/KX3qc

२२ पत्रकारिता विभाग त्रि.वि. । (२०५४) । बहुलवादी नेपाली समाजमा आमसञ्चार । युनिक प्रिन्टर्स ।

२३ सूचना तथा सञ्चारसम्बन्धी उच्चस्तरीय समिति । (२०७३) । प्रस्तावित राष्ट्रिय आमसञ्चार नीति २०७३ एवं नियामक निकायसम्बन्धी संरचना प्रतिवेदन, २०७३ । https://shorturl.at/l0k2J

सक्छ । यदि यसको सही व्यवस्थापन हुन सक्यो भने यो नै मुलुकको पहिचान र समृद्धिको स्रोत पनि हुन सक्छ । यसलाई कुन दिशामा मोड्ने भन्ने विषयमा सञ्चार माध्यमको पनि अहम् भूमिका हुन्छ ।

नेपाली पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घले पनि आफ्ना सदस्यमध्ये वा सबै पत्रकारमध्ये सङ्ख्या र विषयवस्तुका आधारमा मसिनो अध्ययन/अनुसन्धान गरेको भेटिन्न । पत्रकार विनोद परियारका अनुसार नेपाल पत्रकार महासङ्घको २०७७ सालसम्मको तथ्याङ्कअनुसार १३ हजार ७७ जना सदस्यमध्ये २ हजार ४ सय ८ जना मात्र महिला छन् । जसमा दलित महिला पत्रकारको सङ्ख्या करिब ४ सयको हाराहारीमा मात्र छ ।[२४] त्यसैगरी राष्ट्रिय महिला आयोगको प्रकाशन नेपालमा महिलाको अवस्था नामक प्रतिवेदनअनुसार २०७९ पुससम्म नेपाल पत्रकार महासङ्घका सदस्यमध्ये महिला १८ प्रतिशत छन् । सञ्चार माध्यममा महिलाको उपस्थिति र महिला विषयवस्तुको प्राथमिकता उस्तै प्रकारका छन् । यो भन्नुको अर्थ उपस्थिति नै कम भएपछि कसरी महिला विषयवस्तुले प्राथमिकता पाउन् ? महिलाको उपस्थिति र महिलाका विषयवस्तुको अवस्था हेर्दा त्यति सुधारोन्मुखसमेत नदेखिनु चिन्ताकै विषय हो ।[२५]

# २. सञ्चारसम्बन्धी समावेशी कानुनी व्यवस्थाहरू

नेपालको पत्रकारितालाई समावेशी सहभागितामूलक बनाउन राज्यले तर्जुमा गरेका विभिन्न ऐन, कानुन एवं नियमहरूमा केही विशिष्ट प्रकारका व्यवस्था गरिएको पाइन्छ । नेपालको संविधानमा समावेशी सञ्चारबारे स्पष्ट किटान नगरिए पनि विभेद र भेदभाव निषेध गर्नुपर्ने व्यवस्था गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले पहिलो पटक नेपाललाई बहुजातीय र बहुभाषिक मुलुक भएको यथार्थ स्वीकार गरेको थियो । त्यसले देशमा विद्यमान सबै भाषा, जाति, लिङ्ग, वर्ग, क्षेत्रका जनतालाई राज्यका सबै निकायमा समावेश गर्नुपर्ने सङ्केत त दिएको थियो तर ऐन कानुनहरूमा स्पष्ट व्यवस्था नभएका कारण संविधानमा उल्लेख भए पनि त्यसको उपभोग भने गर्न सकिएको थिएन । २०७२ को संविधानमा यो व्यवस्थालाई केही खुलेर राखिएको छ ।

राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा सञ्चार क्षेत्रलाई समावेशी बनाउन धेरै बुँदा उल्लेख गरिएको छ । त्यस्तै सञ्चारसँग सम्बन्धित अन्य ऐनमा पनि समावेशीकरणको व्यवस्था छ ।

## २.१ संविधानमा गरिएको व्यवस्था

नेपालको संविधानले सञ्चारको हकलाई पूर्णरूपले स्थापित गरेको छ । साथै विचार र अभिव्यक्ति स्वतन्त्रताको हकलाई पनि संविधानले नै सुरक्षित गरेको छ । संविधानको भाग-३ को मौलिक हक र कर्तव्य शीर्षकअन्तर्गत धारा १७ को उपधारा २ (क) मा विचार र स्वतन्त्रताको हक हुनेछ भनी उल्लेख गरिएको छ । तर उक्त हक प्रयोग गर्दा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरूत्साहन गर्ने कार्यका लागि आवश्यक प्रतिबन्ध लगाउने गरी ऐन बनाउन पाइने कुरा पनि सोही धारामा उल्लेख छ ।

संविधानको धारा १९ मा सञ्चारको हकको व्यवस्था गरिएको छ । यो धारामा सञ्चारको कुनै पनि माध्यममा कुनै पनि सामग्री प्रकाशन गर्नुपूर्व प्रतिबन्ध लगाउन नपाइने व्यवस्था छ । तर जात, जाति, धर्म वा सम्प्रदायबीचको सम्बन्धलाई खलल पार्ने, जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यलाई प्रतिबन्ध लगाउने गरी कानुन बनाउन पाइने व्यवस्था पनि यसमा छ ।

२४ परियार, विनोद । (२०८१, असार २६) । मिडियामा दलित महिलाको सहभागिता र सवाल । गोरखापत्र अनलाइन । https://gorkhapatraonline.com/news/115314

२५ शर्मा, भाषा । (२०७९) । सञ्चारमा महिला । नेपालमा महिलाको अवस्था । राष्ट्रिय महिला आयोग । पे. ९४ –९७ । https://nwc.gov.np/wp-content/uploads/2023/07/Nepalma-Mahilako-Awastha-2.pdf

## २.२ राष्ट्रिय आमसञ्चार नीति-२०७३ मा गरिएको व्यवस्था

राष्ट्रिय आमसञ्चार नीति, २०७३ को प्रस्तावनामा समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणका निम्ति अन्तरजातीय, अन्तरभाषिक र अन्तरसांस्कृतिक सम्बन्धको सेतुका रूपमा काम गर्न सक्ने आमसञ्चार माध्यमको भूमिकालाई दृष्टिगत गर्दै नेपाल सरकारद्वारा राष्ट्रिय आमसञ्चार नीति, २०७३ जारी गरिएको बेहोरा उल्लेख छ ।

नीतिको बुँदा १ मा आमसञ्चार नीतिका उद्देश्यहरू उल्लेख छ । उक्त बुँदा नं. १.४ मा आमसञ्चार माध्यम सबै वर्ग, क्षेत्र, जाति, भाषा, लिङ्ग र समुदायको पहुँच बढाइ स्वच्छ जनमत निर्माण गर्ने प्रभावकारी माध्यमका रूपमा सञ्चार क्षेत्रको विकास गर्ने बेहोरा लेखिएको छ भने बुँदा नं. १.५ मा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता, मधेसी, सीमान्तकृत समुदाय र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आमसञ्चारको क्षेत्रमा प्रतिनिधित्व बढाइ क्रियाशील तुल्याउन प्रोत्साहन गर्ने विवरण लेखिएको छ । त्यस्तै बुँदा नं. १.८ मा सूचना तथा सञ्चार प्रविधियुक्त सञ्चार प्रणालीको विकासद्वारा समाजमा रहेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने उद्देश्य उल्लेख छ ।

नीतिको बुँदा नं. १ मा आधारभूत नीतिबारे उल्लेख छ । यसको बुँदा नं. २.२ मा विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय हित र राष्ट्रिय एकताको प्रवर्द्धनद्वारा **समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त**का आधारमा समतामूलक समाज निर्माण गर्ने सूचना तथा सञ्चार प्रणाली विकास गरिने नीतिमा उल्लेख छ ।

त्यस्तै बुँदा नं. २.८ मा रेडियो, टेलिभिजन, छापा, अनलाइन माध्यमका लेख्य, श्रव्य र दृश्यमार्फत प्रस्तुत सामग्रीमा समाजको विविधता र बहुलता तथा भाषा र प्रस्तुतिका शिष्टता प्रवर्द्धन गरी पहुँचकै अनुपातमा देशका सबै भूभागका अन्तर्वस्तु उत्पादन गराउन र स्थानीय समाचार माध्यममा अधिकतम सामग्री स्थानीय विषयवस्तुमा आधारित भएर उत्पादन गराउन प्रोत्साहन गरिने नीति उल्लेख छ ।

बुँदा नं. २.१५ मा आमसञ्चार माध्यमलाई देशको विविधताको प्रतीकका रूपमा विकसित गर्न लोककल्याणकारी विज्ञापनमार्फत दुर्गम क्षेत्रबाट प्रकाशन वा प्रसारण हुने र मातृभाषामा प्रकाशन वा प्रसारण हुने महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित सञ्चार माध्यमहरूलाई विशेष प्रोत्साहन गरिने बेहोरा उल्लेख छ । साथै महिला, दलित, आदिवासी जनजाति, मधेसी, पिछडा वर्ग, सीमान्तकृत समुदाय र अपाङ्गताको विषयलाई महत्त्व दिइ सामग्री उत्पादन गर्ने पत्रकार, प्रस्तोता र सम्पादक जस्ता पदहरूमा ती वर्ग र समुदायका व्यक्तिलाई अधिकतमरूपमा समावेश गर्न सञ्चार माध्यमहरूलाई प्रोत्साहन गरिने नीति व्यवस्था गरिएको छ ।

यसको बुँदा नं. २.१७ मा 'राष्ट्रिय सार्वजनिक सेवा प्रसारक' स्थापनाको व्यवस्था गरिएको छ । राष्ट्रिय एकतालाई सुदृढ गर्न, सांस्कृतिक, जातीय, भौगोलिक र भाषिक विविधताबीच सद्भाव र सौहार्दपूर्ण संवाद कायम गराउन तथा सङ्कटपूर्ण अवस्थामा समेत सूचना प्रवाहलाई निरन्तरता दिन नेपाली जनताप्रति उत्तरदायित्व बहन गर्ने राष्ट्रव्यापी पहुँच भएको स्वायत्त निकायका रूपमा यो प्रसारक स्थापना गरिने बेहोरा यसमा उल्लेख छ ।

बुँदा नं. २.१९ मा प्रेस काउन्सिलमा स्वतन्त्र र सक्षम व्यक्तिहरु रहेको सिफारिस समितिको सिफारिसमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनलगायतका आमसञ्चार माध्यमका उपभोक्ताको समेत प्रतिनिधित्व हुने गरी समानुपातिक, समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यहरूको नियुक्तिको व्यवस्था गरिने उल्लेख छ ।

बुँदा नं. २.२० मा नेपाली समाचार माध्यममा सबै जातजाति र सबै समुदायको उपस्थिति बढाउन प्रतिष्ठानले समानुपातिक समावेशी नीतिअनुसार

सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पत्रकारिता पेसामा आबद्ध गरी समाचार कक्षलाई समावेशी बनाउन सोहीअनुरूपको कार्यक्रम गरिने र उल्लिखित समुदायको पत्रकारितासम्बन्धी उच्च शिक्षामा सहभागिता वृद्धि गर्न आवश्यक छात्रवृत्तिका लागि प्रोत्साहन गरिने बेहोरा उल्लेख छ ।

बुँदा नं. २.२४ मा राज्यको सञ्चार तथा आमसञ्चारसँग सम्बन्धित संरचना र निकायलाई संविधानको मौलिक हकमा व्यवस्था भएअनुसार समानुपातिक, समावेशी बनाइने उल्लेख छ ।

बुँदा नं. ३ मा व्यवस्था गरिएको विषयगत नीतिसम्बन्धी बुँदा नं. ३.२.५ मा सार्वजनिक सेवा प्रसारणलाई महिला, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, मधेसी, पिछडिएको क्षेत्र एवं समुदायको स्वामित्वको बोध गराउने जनशक्ति छनोट गर्दा सबै तहमा समानुपातिक, समावेशी नीति अवलम्बन गर्दै विषयवस्तुमा लोपोन्मुख परम्परा, संस्कृति र समुदायगत कार्यक्रम समावेश गर्न प्रोत्साहन गरिने बेहोरा उल्लेख छ ।

त्यस्तै बुँदा नं. ३.२.६ मा अन्तरसांस्कृतिक, अन्तरजातीय, अन्तरभौगोलिक, अन्तरलिङ्गीय र अन्तरभाषिक संवादलाई सौहार्दपूर्ण बनाउने अन्तरवस्तु प्रवर्द्धन गर्ने नीति लेखिएको छ । यसैगरी बुँदा नं. ३.४ को सामुदायिक प्रसारणसम्बन्धी शीर्षकको बुँदा ३.४.२ मा सामुदायिक रेडियो तथा टेलिभिजन पत्रकारिताको स्थापित मान्यताका आधारमा लोकतान्त्रिक मूल्य/मान्यताअनुरूप स्वतन्त्र, निष्पक्ष, स्वायत्त, समावेशी सञ्चार माध्यमका रूपमा विकास हुने वातावरण सिर्जना गरिने बेहोरा लेखिएको छ ।

बुँदा नं. ३.६.१ मा संस्थानलाई सम्पादकीय स्वतन्त्रतासहित स्वायत्त, सक्षम र स्रोतसाधनयुक्त संस्थाका रूपमा विकास गरी यसका प्रकाशनहरूलाई व्यावसायिक, स्तरीय, आधुनिक प्रविधिमैत्री, समावेशी र प्रतिस्पर्धात्मक बनाइनुका साथै यसका प्रकाशनहरूलाई प्रादेशिक स्तरमा पनि प्रकाशन गर्नका लागि आवश्यक व्यवस्था गरिने भनिएको छ । बुँदा (ख) मा गोरखापत्र संस्थानलाई स्वायत्त र समावेशी प्रकाशन गृहका रूपमा विकास गर्न यसको स्वामित्वमा जनसाधारणको पहुँच सहज तुल्याउने नीति रहेको उल्लेख छ ।

त्यस्तै बुँदा नं. ३.६.२ को (ग) मा पत्रपत्रिकाको सम्पादकीय जनशक्ति र अन्तर्वस्तुमा महिला, सीमान्तकृत, विपन्न, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, मधेसी, दलित, अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रको प्रतिनिधित्व गराउन प्रोत्साहन गरिने बेहोरा उल्लेख छ । यसको (घ) बुँदामा विविध विधामा केन्द्रित भई गरिने पत्रकारिताको प्रवर्द्धन गर्दै सबै राष्ट्रभाषामा पत्रपत्रिका सञ्चालन गर्न प्रोत्साहन गरिने योजना उल्लेख छ ।

यो नीतिको बुँदा नं. ३.९.३ मा राज्यद्वारा उपलब्ध गराइने लोककल्याणकारी विज्ञापनलाई समानुपातिक ढङ्गले वितरणको व्यवस्था मिलाइने बेहोरा उल्लेख छ ।

## २.३ श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ मा गरिएको व्यवस्था

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ मा व्यवस्था गरिएको न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गर्दा समितिको सदस्यमा नेपाल पत्रकार महासङ्घले सिफारिस गर्ने ३ श्रमजीवी पत्रकारमध्ये एक महिला अनिवार्य हुनुपर्ने व्यवस्था दफा ११ (ङ) मा गरिएको छ ।

## २.४ राष्ट्रिय प्रसारण ऐन, २०४९ मा गरिएको व्यवस्था

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ११ (ख) मा प्रसारण संस्थाहरूले सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामाञ्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरु उत्पादन गर्ने उल्लेख छ भने दफा ११ (ग) मा नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरु उत्पादन तथा प्रसारण गर्ने बेहोरा उल्लेख छ ।

सोही ऐनको दफा १६ (ग १) मा कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा

दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने बेहोरा उल्लेख छ ।

## २.५ विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ मा गरिएको व्यवस्था

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १४ मा विज्ञापन बोर्ड गठनसम्बन्धी व्यवस्था छ । उक्त दफाको उपदफा १ को खण्ड (च) मा बोर्डका सदस्यहरु नियुक्त गर्दा उपभोक्ता हक/हितको क्षेत्रमा वा आमसञ्चारको क्षेत्रमा कम्तीमा १० वर्ष अनुभव प्राप्त व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गर्ने ३ जना सदस्यमा कम्तीमा १ जना महिला हुनुपर्ने व्यवस्था छ । त्यस्तै उपदफा (३) मा सदस्यहरूको मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने उल्लेख छ ।

## २.६ विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ मा गरिएको व्यवस्था

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ मा लोककल्याणकारी वा सार्वजनिक हितसम्बन्धी विज्ञापन प्रकाशन वा प्रसारणसम्बन्धी व्यवस्था उल्लेख छ । उक्त नियमको उपनियम २ (घ) मा नेपाल सरकार वा सरकारअन्तर्गतका निकायबाट प्रकाशनार्थ प्राप्त विज्ञापन सञ्चार माध्यमहरूलाई प्रकाशनार्थ पठाउँदा महिला, दलित वा अन्य पिछडिएको समुदायबाट वा पिछडिएको भौगोलिक क्षेत्रमा सञ्चालित सञ्चार माध्यमलाई पनि आधार मान्नुपर्ने बेहोरा उल्लेख छ ।

## २.७ नीति तथा ऐनहरूमा छुट्न गएको व्यवस्था

सञ्चारसँग सम्बन्धित नीतिहरूमा स्थानीयताको महत्त्वलाई उच्च स्थान दिइ स्थानीय विषयहरूलाई प्राथमिकतामा राख्नुपर्ने कुरा उठाइएका छन् । तर स्थानीय विषयको प्रसङ्ग उठाउँदा ती विषय स्थानीय भाषामै प्रकाशन/प्रसारण गर्नुपर्ने बुँदाहरु भने छुट्न गएको देखिन्छ । माथि चर्चा गरिएका विभिन्न नीति तथा ऐनहरूमा सामान्यतया निम्न विषय छुट्न गएको देखिन्छ :

### २.७.१ स्थानीय विषय स्थानीय भाषामै

राष्ट्रिय आमसञ्चार नीति, २०७३ को बुँदा ३ को विषयगत नीतिको सार्वजनिक सेवा प्रसारण (बुँदा ३.२) शीर्षकको बुँदा ३.२.२ मा उल्लेख छ- 'सार्वजनिक सेवा प्रसारण संस्थाले जनताका सञ्चार आवश्यकताको परिपूर्ति गर्ने एवं कतिपय प्राकृतिक विपत्ति वा महामारीका बारेमा पूर्वसूचना प्रदान गर्ने भएकाले प्रादेशिक र स्थानीय तहमा स्थानीय विषयहरूमै केन्द्रित भई प्रसारण गर्ने व्यवस्थालाई सुनिश्चित गरिनेछ ।'

सार्वजनिक प्रसारण संस्थाहरूले स्थानीय विषयहरूमै केन्द्रित भई प्रसारण गर्ने त्यस्ता सामग्रीहरु स्थानीय भाषामै हुनु पनि आवश्यक छ । प्राकृतिक विपत्ति वा महामारीको सूचना आफ्नै भाषामा प्राप्त भएमा मात्रै त्यसलाई सही अर्थमा बुझ्न सकिन्छ । स्थानीयताको कुरा गर्दा स्थानीय भाषाको प्रसङ्ग बिर्सन मिल्दैन ।

### २.७.२ राससको बहुभाषीकरण

राष्ट्रिय आमसञ्चार नीति, २०७३ को बुँदा नं. ३.५ मा समाचार समितिको व्यवस्थाबारे उल्लेख छ । यसको बुँदा ३.५.१ मा राष्ट्रिय समाचार समिति (रासस) को सेवा विस्तार/विविधीकरण गरी सञ्चालनमा ल्याउने बेहोरा उल्लेख छ । रासस समाचार उत्पादन गर्ने नेपालमा सञ्चालित एउटै मात्र सरकारी निकाय हो । यसले हाल नेपाली र अङ्ग्रेजी भाषामा समाचार बुलेटिन प्रकाशन गर्छ । स्थानीय भाषामा बुलेटिन प्रकाशन गर्ने राससको नीतिअनुसार अवधि भाषामा बुलेटिन आरम्भ गरेको छ । राससबाट यसरी नै अन्य विभिन्न भाषामा समाचार बुलेटिन प्रकाशन गर्न सकियो भने सम्बन्धित भाषाका सञ्चार माध्यमहरूलाई अनुवाद र प्रुफ रिडर राख्नुपर्ने झन्झटबाट मुक्ति मिल्नेछ । साथै यसले नेपाली भाषाकै सञ्चार माध्यमहरु (विशेषगरी अनलाइन) लाई अर्को एउटा भाषामा पनि सामग्री प्रकाशन गर्न सहज हुन जान्थ्यो ।

### २.७.३ मातृभाषालाई सुविधा छैन

स्थानीय तहमा सामुदायिक तथा सहकारीको माध्यमबाट

सञ्चालन हुने पत्रपत्रिकाहरूलाई मापदण्ड बनाएर सुविधा र सहुलियत दिने व्यवस्था सञ्चार नीतिको बुँदा ३.६.३ (ख) मा गरिएको छ । स्थानीय तहमा स्थानीय सहकारीले सञ्चालन गर्ने सञ्चार माध्यमलाई स्थानीय तहबाट सुविधा र सहुलियत दिने व्यवस्था गरिए जस्तै मातृभाषामा प्रकाशित पत्रपत्रिकालाई पनि स्थानीय तहले सुविधा र सहुलियत दिने व्यवस्था गर्नुपर्छ । स्थानीय सञ्चार माध्यममा स्थानीय भाषालाई सहुलियत दिनु समावेशी व्यवस्थामा अनिवार्य हुन्छ । तर सञ्चारसम्बन्धी कुनै पनि नीतिमा स्थानीय भाषाहरूका लागि स्थानीय तहले निर्वाह गर्नुपर्ने भूमिकाबारे उल्लेख छैन ।

### २.७.४ सुविधारहित अनलाइन मिडिया

राष्ट्रिय सञ्चार नीतिको बुँदा नं. ३.७ मा अनलाइन मिडियासम्बन्धी व्यवस्था छ । यसमा अनलाइन मिडिया सञ्चालन गर्नेलाई प्रदान गरिने सुविधा, अनुगमन, नियन्त्रण आदि व्यवस्थाबारे उल्लेख छ । तर विभिन्न भाषामा सञ्चालित, महिलाद्वारा महिलाका लागि सञ्चालित अनलाइनका लागि विशेष सुविधा उपलब्ध गराउने कुनै बेहोरा यसमा उल्लेख छैन । छापाका तुलनामा अनलाइन सजिलो र कम खर्चिलो छ । विविध भाषा र महिलाका लागि यो उपयुक्त माध्यम हो । त्यसैले यी समुदायका लागि अनलाइनमा विशेष सुविधा दिइ आकर्षित गर्ने कुनै व्यवस्था यसमा गरिएको छैन ।

### २.७.५ नीति पुनरवलोकन

राष्ट्रिय आमसञ्चार नीति प्रत्येक १० वर्षमा पुनरवलोकन गर्ने नीति सोही नीतिको बुँदा नं. ४.३ मा छ । यो नीति २०७३ सालमा जारी गरिएका कारण आउँदो २०८३ सालमा यसको पुनरवलोकन गर्नुपर्नेछ । पुनरवलोकन हुँदा यसमा भएका यी कमी/कमजोरी सुधारी यसलाई पूर्ण समावेशी सिद्धान्तमा आधारित गर्नुपर्छ । यसका लागि अहिलेदेखि नै तयारी गर्नु मनासिब देखिन्छ । पुनरवलोकन गर्ने समय हुन लाग्दा पनि राष्ट्रिय आमसञ्चार नीति कार्यान्वयनमा आउन सकेको छैन । आमसञ्चार नीतिका आधारमा समावेशी ढाँचाका सञ्चार कानुन निर्माण हुनुपर्ने हो । त्यसअनुरूप कानुन निर्माण भएका छैनन् ।

### २.७.६ विज्ञापनमा मातृभाषा नहुनु

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ मा नेपाल सरकार वा सरकारअन्तर्गतका निकायबाट प्रकाशनार्थ विज्ञापन बोर्डलाई प्राप्त विज्ञापनहरु सञ्चार माध्यमहरूलाई पठाउँदा महिला, दलित वा अन्य पिछडिएको समुदायबाट वा पिछडिएको भौगोलिक क्षेत्रमा सञ्चालित सञ्चार माध्यमलाई पनि आधार मान्नुपर्ने बेहोरा उल्लेख छ । तर त्यसमा मातृभाषाबाट प्रकाशन वा प्रसारण हुने सञ्चार माध्यमबारे उल्लेख छैन । सञ्चार माध्यम सञ्चालनका लागि विज्ञापन मेरूदण्ड हो । तर विज्ञापन बोर्डले सरकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्ने नियममा मातृभाषाका पत्रपत्रिकालाई समावेश गरेको छैन । यो गर्नु जरूरी छ ।

# ३. नेपाली पत्रकारितामा समावेशीकरण

## ३.१ पत्रकारिता समाजको ऐना

नेपाली पत्रकारितालाई समावेशी बनाउन राज्यले निर्माण गरेका विभिन्न नीति, ऐन, नियमहरूमा समावेशीकरणको व्यवस्था छ तर ऐन, नियमहरूमा व्यवस्था गरिए पनि व्यवहारमा भने त्यसको प्रतिबिम्ब देख्न सकिरहेको छैन ।

नेपाली समाज बहुलताले भरिएको भए तापनि समाजको यो विविधतालाई राज्यले सम्बोधन गर्न सकेको छैन । समाजको विविधतालाई राज्यले सम्बोधन गर्न नसके जस्तै नेपाली मिडियाले पनि त्यो सम्बोधन गर्न सकेको पाइँदैन । नेपाली समाजमा रहेको सामाजिक विविधतालाई राज्यले सहीरूपमा सम्बोधन गर्न सकेको छैन भने त्यसको प्रतिविम्बि नेपाली मिडियामा पनि देखिने गरेको छ ।[२६]

राज्यले गरेका कामहरु मिडियाले औंल्याउने हो । मिडियाले औंल्याएपछि त्यसप्रति राज्यको ध्यान आकृष्ट

२६ थापा, मञ्जुश्री र शुभेच्छाविन्दु तुलाधर । (२०१४) । मिडियामा सामाजिक विविधता र लैङ्गिक समानता, काठमाडौं : युनेस्को काठमाडौं कार्यालय ।

हुन्छ । तर मिडिया आफैँ समावेशी नभएका कारण राज्यको यो कमजोरीलाई मिडियाले देख्न सकेको छैन वा देखे पनि त्यसलाई महसुस गर्न सकेको छैन । यो नेपाली मिडियाको कमजोरी पनि हो ।

मिडियालाई समाजको ऐना भनिन्छ । अर्थात् मिडियाले समाजको यथार्थ चित्रण पेस गरेको
हुन्छ । तर मिडिया आफैँमा समाजको त्यो प्रतिबिम्ब भएन भने मिडियाले समाजको यथार्थ चित्रण प्रस्तुत गर्न सक्दैन । नेपाली मिडियामा यो समावेशीकरणको कमी देखिन्छ । नेपाली पत्रकारितामा आवश्यक रहेको स्वामित्व, सन्देश र सञ्चारकर्मीमा हुनुपर्ने बहुलवादी संरचना नभएका कारण नेपाली पत्रकारितालाई अझै आमनेपालीले अपनत्व दर्शाउन नसकेको स्पष्ट छ ।[२७]

नेपाली मिडिया समावेशी नभएका कारण ती मिडियाले समावेशी सामग्री उत्पादन गर्न नसकेको धेरैको बुझाइ छ । 'नेपाली सञ्चार माध्यमले दिने सामग्री समावेशी छैन । समावेशी सामग्री नआउनुको प्रमुख कारण सञ्चार माध्यम समावेशी नहुनु नै हो । सञ्चार गृहका नेतृत्वकर्ता उपेक्षित, उत्पीडित समुदायका छैनन् ।[२८]

त्यसैले सञ्चार गृहको नेतृत्व तहमा उत्पीडित समुदायको पहुँच बढाउनु अहिलेको आवश्यकता हो । यो एकैचोटि गर्न सकिँदैन तर अभ्यास भने अहिले नै आवश्यक छ ।

## ३.२ सरकारी मिडियामा समावेशी अवस्था

नेपाली मिडिया स्वयम् समावेशी नरहेको यथार्थ नेपालका विभिन्न सञ्चार प्रतिष्ठानहरूको निर्णायक तहमा कार्यरत पदाधिकारीहरूको सूची अध्ययन गर्दा पनि प्रष्ट हुन्छ । नेपाली पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन माध्यमहरूको सम्पादन समूह, समाचार कक्षमा कार्यरत पत्रकार तथा संवाददाताको समावेशी सहभागिताको सामान्य अध्ययनबाट यो तथ्य बुझ्न सकिन्छ ।

नेपालमा सरकारी सञ्चार माध्यमका रूपमा गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, रेडियो नेपाल र राष्ट्रिय समाचार समिति (रासस) अस्तित्वमा छन् । यी सरकारी सञ्चार प्रतिष्ठानहरूमा कार्यरत सञ्चारकर्मी/कर्मचारीको सूचीमा समावेशी सहभागिता देखिँदैन । यी ४ सञ्चार प्रतिष्ठानले विक्रम संवत् २०७३ देखि २०७७ वैशाखसम्म लिएको सेवा प्रवेशको विवरण हेर्दा यो प्रष्ट हुन्छ । लेखक तारामणि सापकोटा (आमसञ्चार र समावेशी पत्रकारिता, २०८०) का अनुसार यो अवधिमा यी प्रतिष्ठानले १ सय ८० जनालाई सेवा प्रवेश गराएका थिए । त्यसमा खसआर्य १ सय २३ जना (६८.३३ प्रतिशत), आदिवासी जनजाति ३७ जना (२०.५५ प्रतिशत), मधेसी १७ जना (९.४४ प्रतिशत), मुस्लिम २ जना (१.११ प्रतिशत) र दलित १ जना (०.५५ प्रतिशत) थिए ।

आमसञ्चार र समावेशी पत्रकारिताकै अनुसार सरकारी सञ्चार प्रतिष्ठान गोरखापत्र संस्थानले गोरखापत्र दैनिकलगायत द राइजिङ नेपाल, मधुपर्क र मुना मासिक पनि प्रकाशन गर्छ । गोरखापत्र संस्थानले प्रकाशित गर्ने नेपाली भाषी प्रकाशनहरूमा १ सय ४५ जना पत्रकार कार्यरत छन् । त्यसमा आदिवासी जनजाति पत्रकारको सङ्ख्या १६ जना मात्र छ । यो भनेको कुल सङ्ख्याको ११.०३ प्रतिशत हो । यसमा पनि छैटौँ तह भन्दा माथिको सम्पादन समूहमा त आदिवासी जनजातिको सङ्ख्या खोज्नैपर्ने अवस्था छ । सो तहमा कार्यरत २७ जनामा आदिवासी जनजाति १ जना र मधेसी समुदायबाट १ जना छन् भने महिला ३ जना छन् । यसमा आदिवासी जनजाति र मधेसीको प्रतिशत बराबर अर्थात ३.७० प्रतिशत हुन्छ । दलित र मुस्लिम समुदाय त छँदै छैन ।

स्ट्रिन्जरका रूपमा कार्यरत पत्रकारमध्ये धेरै खस आर्य नै छन् । १ सय २ जना स्ट्रिन्जरमध्ये आदिवासी जनजातिको सङ्ख्या जम्मा ११ जना (१०.७८ प्रतिशत) छ भने मधेसी ९ जना (८.८२ प्रतिशत), दलित ४ जना (३.९२ प्रतिशत), मुस्लिम २ जना (१.९६ प्रतिशत) र महिला पत्रकार ११ जना (१०.७८ प्रतिशत) छन् ।[२९]

गोरखापत्र संस्थानबाटै प्रकाशित हुने अङ्ग्रेजी दैनिक 'द राइजिङ नेपाल' मा कार्यरत ३२ जना पत्रकारमा

२७ घले, खिम । (२०६४) । बहुलवादी मिडियाका लागि अनिज । समावेशी मिडिया । सम्पादक : प्रत्युष वन्त र अन्य । काठमाडौँ : मार्टिन चौतारी ।

२८ गुरूङ, दण्ड । ( २०७५) । संहिता । काठमाडौँ : प्रेस काउन्सिल ।

२९ सापकोटा, तारामणि । (२०८०)। आमसञ्चार र समावेशी पत्रकारिता । सन्दर्भ मिडिया प्रा.लि.।

खसआर्य समुदायका ८७.५० प्रतिशत छन् । आदिवासी जनजाति ६.२५ प्रतिशत, मधेसी ६.२५ प्रतिशत र महिला २५ प्रतिशत छन् । कार्यरत ८ जना महिला पत्रकारमा ७ जना खस आर्य र १ जना नेवार जनजाति छन् ।

त्यस्तै अर्को सरकारी माध्यम रेडियो नेपालमा मुख्य सम्पादक, वरिष्ठ सम्पादक र सम्पादक गरी जम्मा १६ जना कार्यरत छन् भने त्यसमा जनजाति १ जना, जनजाति महिला २ जना र मधेसी १ जना छन् । दलित र मुस्लिमबाट कोही पनि छैन । समाचार महाशाखामा ३० जना पत्रकार कार्यरत छन् जसमा ६ जना जनजाति, १ जना मधेसी र ११ जना महिला छन् । रेडियो नेपालमा देशभर १ सय ३२ जना स्ट्रिन्जर पत्रकार कार्यरत छन् । यसमा पनि १६ जना पहाडी जनजाति छन् भने १ जना थारु र ११ जना दलित सहभागी छन् । अन्य बाँकी सबै खस आर्य समुदायबाट छन् ।

रेडियो नेपालको समाचार शाखा र कार्यक्रम शाखामा स्ट्रिन्जरका रूपमा २ सय ३८ जना कार्यरत छन् । यसमा खस आर्य १ सय ११ जना (४६.६३ प्रतिशत) छन् भने आदिवासी जनजाति ४२ जना (१७.६४ प्रतिशत), मधेसी १७ जना (७.१४ प्रतिशत), महिला ५३ जना (२२.२६ प्रतिशत), मुस्लिम २ जना (०.८४ प्रतिशत) र दलित १३ जना (६.४६ प्रतिशत) छन् । महिलामा पनि खस आर्य समुदायको वर्चस्व छ । रेडियो नेपालले हाल नेपालका विभिन्न २१ भाषामा समाचार तथा समावेशी कार्यक्रम प्रसारण गर्दै आइरहेको छ ।[३०]

त्यसैगरी अर्को सरकारी सञ्चार नेपाल टेलिभिजनको सम्पादन समूहमा ३४ जना कार्यरत छन् भने स्ट्रिन्जर (ज्यालादारी संवाददाता) ८६ जना कार्यरत छन् । यसरी कुल १ सय २० जना कार्यरत छन् । सम्पादन समूहमा कार्यरत ३४ जनामा ५ जना आदिवासी जनजाति (१४.७० प्रतिशत) छन् । महिला १० जना छन् जसमा ७ जना खस आर्य, २ जना जनजाति र १ जना मधेसी छन् । सम्पादन तहमा दलित र मुस्लिमबाट कोही पनि छैनन् । यसलाई प्रतिशतमा हेर्दा खस आर्य ५९.१६ प्रतिशत, आदिवासी जनजाति १९.१६ प्रतिशत, मधेसी ५ प्रतिशत, महिला १३.३३ प्रतिशत, दलित २५ प्रतिशत र मुस्लिम ०.८३ प्रतिशत छ ।[३१]

नेपाल टेलिभिजनले पनि देशभरि स्ट्रिन्जर नियुक्त गरेको छ । देशका विभिन्न क्षेत्रमा कार्यरत नेपाल टेलिभिजनका कुल ९४ जना स्ट्रिन्जरमध्ये १९ जना आदिवासी जनजाति छन् भने दलित ३ जना, मुस्लिम १ जना र ५ जना मधेसी छन् । नेपाल टेलिभिजनले हाल नेपालका विभिन्न ९ भाषामा समाचार र अन्य कार्यक्रम प्रसारण गर्दै आइरहेको छ ।[३२]

समाचार उत्पादन गरी सशुल्क बिक्री वितरण गर्दै आइरहेको राष्ट्रिय समाचार समिति (रासस) पनि सरकारी निकाय नै हो । यहाँ मासिक तलब बुझ्ने स्थायी/अस्थायी कर्मचारी १ सय १४ जना छन् भने देशभरि १ सय ७० जना स्ट्रिन्जर (ज्यालादारी संवाददाता) कार्यरत छन् । दुवै गर्दा कुल २ सय ८४ जना कर्मचारी/पत्रकार कार्यरत छन् । त्यहाँ कार्यरत १ सय १४ जना स्थायी/अस्थायी कर्मचारीमा ९० जना (७८.९४ प्रतिशत) खस आर्य छन् भने आदिवासी जनजाति १३ जना (११.४० प्रतिशत), मधेसी ७ जना (६.१४ प्रतिशत), दलित ३ जना (२.६३ प्रतिशत) र मुस्लिम १ जना (०.८७ प्रतिशत) छन् । त्यसैगरी १ सय ७० जना स्ट्रिन्जर कार्यरत रहेकामा खस आर्य १ सय १५ जना (६७.६४ प्रतिशत), आदिवासी जनजाति २८ जना (१६.४७ प्रतिशत), मधेसी १८ जना (१०.५८ प्रतिशत) र दलित ९ जना (५.२९ प्रतिशत) समावेश छन् ।

दुवैलाई जोडेर कुल सङ्ख्याको प्रतिशत हेर्ने हो भने खस आर्य ७२.१८ प्रतिशत, आदिवासी जनजाति १४.४३ प्रतिशत, मधेसी ८.८० प्रतिशत, दलित ४.२२ प्रतिशत र मुस्लिम ०.३५ प्रतिशत हुने देखिन्छ । यसमा महिलाको सङ्ख्या ५० जना छ जसमा खस आर्य ३९ जना छन् भने आदिवासी जनजाति १० जना र मधेसी १ जना छन् । महिलामा दलित र मुस्लिमको सहभागिता शून्य छ ।[३३] यसरी सरकारी सञ्चार प्रतिष्ठानका रूपमा स्थापित गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल

३० Ibid

३१ Ibid

३२ Ibid

३३ सापकोटा, तारामणि । (२०८०)। आमसञ्चार र समावेशी पत्रकारिता । सन्दर्भ मिडिया प्रा.लि.।

टेलिभिजन र राष्ट्रिय समाचार समितिमा कार्यरत सम्पूर्ण पत्रकार/कर्मचारीको सङ्ख्या हेर्ने हो भने खस आर्य समुदायकै वर्चस्व अत्यन्त बलियो देखिन्छ ।

मार्टिन चौतारीद्वारा प्रकाशित 'नेपाली मिडियामा समावेशीकरण : बहसको निम्ति खाका' ले सञ्चार गृहमा समावेशीकरणबारे केही अध्ययन/सर्वेक्षण उल्लेख गरेको छ । जसअनुसार अस्मिता पत्रिकाका सम्पादकहरूले २०४९ सालको अन्तमा गोरखापत्र, रासस, रेडियो र टेलिभिजनमा सर्वेक्षण गर्दा महिलाको उपस्थिति १२.३ प्रतिशत पाएका थिए । यसैगरी २०५४ मा तिनैले अर्को सर्वेक्षण गर्दा यो घटेर ९.८ प्रतिशतमा ओर्लेको थियो । फेरि २०५९ मा तिनैले गरेका अर्को सर्वेक्षण (२३ वटा सञ्चार गृह) मा यस्तो प्रतिशत १९.४ पाइएको थियो ।

सरकारी सञ्चार माध्यममा अहिलेसम्म भएकामध्ये पछिल्लो अध्ययनअनुसार गोरखापत्रमा २.२५, रेडियो नेपालमा ५.४६, नेपाल टेलिभिजनमा २.५ र राष्ट्रिय समाचार समितिमा ४.२२ प्रतिशत मात्र दलित पत्रकारको सहभागिता छ ।[३४]

## ३.३ निजी सञ्चार माध्यममा समावेशिता

सञ्चार माध्यमहरूमा समावेशीकरणको अवस्था हेर्दा सरकारी सञ्चार प्रतिष्ठानहरु मात्र होइन, निजी क्षेत्रका सञ्चार प्रतिष्ठानहरूको अवस्था पनि यो भन्दा खासै भिन्न पाइँदैन । नेपालमा सरकारी भन्दा पनि निजी क्षेत्रका सञ्चार माध्यम धेरै छन् । त्यसैले सञ्चार सामग्री उत्पादनमा पनि निजी क्षेत्रकै सहभागिता बढी हुनु स्वाभाविक हो ।

तर निजी क्षेत्रका सञ्चार माध्यमहरूमा पनि सम्पादकहरूको नाम हेर्दा समावेशीकरण भएको पाइँदैन । प्रेस काउन्सिल नेपालमा दर्ता भएका विभिन्न पत्रपत्रिकामध्ये १ सय ४७ वटा दैनिक पत्रिका छन् । तीमध्ये १६ जना मात्रै आदिवासी जनजाति सम्पादक छन् । तिनमा ९ जना नेवार जातिका छन् । दर्ता भएका ४ सय ८४ वटा साप्ताहिकमा ७३ जना मात्रै जनजाति सम्पादक छन् । दर्ता भएका दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक र पाक्षिक गरी ६ सय ४७ वटा पत्रिकामा ९३ जना मात्रै (१४.३७ प्रतिशत) आदिवासी जनजाति सम्पादक छन् ।[३५]

निजी सञ्चार माध्यमहरूले सम्प्रेषण गर्ने सामग्रीहरु पनि समावेशीकरणका दृष्टिकोणमा सन्तुलित छैन । कान्तिपुर, नयाँ पत्रिका, नागरिक र अन्नपूर्ण पोस्ट दैनिकमा गत २०७८ साउन महिनाभरि प्रकाशित सामग्रीहरु अध्ययन गर्दा आदिवासी जनजातिसँग सम्बन्धित सामग्री क्रमशः १.४२ प्रतिशत, ०.८ प्रतिशत, ०.६९ प्रतिशत र ०.९६ प्रतिशत अर्थात् समग्रमा ०.९७ प्रतिशत मात्र प्रकाशित भएको पाइयो । त्यस्तै मधेसीसँग सम्बन्धित सामग्री समग्रमा २.४९ प्रतिशत, महिलासँग सम्बन्धित सामग्री समग्रमा ४.७४ प्रतिशत, दलितसँग सम्बन्धित सामग्री समग्रमा ०.३६ प्रतिशत र मुस्लिमसँग सम्बन्धित सामग्री ०.११ प्रतिशत प्रकाशित भएको थियो ।[३६]

यसरी काठमाडौँबाट प्रकाशित हुने प्रमुख ४ वटा राष्ट्रिय दैनिकमा प्रकाशित सामग्री अध्ययन गर्दा समावेशीकरणका दृष्टिले असन्तुलित देखियो । सञ्चार माध्यमको समाचार निर्माण गर्ने प्रमुख स्थानमा आदिवासी जनजाति, महिला, मधेसी, दलित, मुस्लिम आदि समुदायको सहभागिता न्यून भएकै कारण त्यहाँबाट उत्पादन हुने सामग्रीमा यस्तो असन्तुलन हुन पुगेको हो ।

राजधानी काठमाडौँबाट प्रकाशित हुने मूलधारका प्रमुख ४ दैनिक पत्रिकामा प्रकाशित सामग्री अध्ययनबाट निजी क्षेत्रका मिडियामा समावेशिताको आकार प्रष्टसँग बुझ्न सकिन्छ । कान्तिपुर, नयाँ पत्रिका, नागरिक र अन्नपूर्ण पोस्ट दैनिकमा २०७६ सालको वैशाख महिनाभरि प्रकाशित ७ हजार ४ सय ३६ वटा सामग्री अध्ययन गर्दा आदिवासी जनजातिसँग सम्बन्धित ११९ वटा (१.६० प्रतिशत) सामग्री प्रकाशित भएका थिए । त्यसैगरी २०७८ को साउन महिनामा प्रकाशित ३ हजार ६ सय ६ वटा सामग्री अध्ययन गर्दा आदिवासी जनजातिका ३५ वटा (०.९७ प्रतिशत), मधेसी समुदायका ९० वटा (२.४९ प्रतिशत), महिलाका १ सय ७१ वटा (४.७४ प्रतिशत),

३४ बिके, सुशील । (२०८०, चैत) । आमसञ्चारमा दलित सवाल र समावेशीकरण विषयक कार्यपत्र । जागरण मिडिया सेन्टर ।

३५ सापकोटा, तारामणि । (२०८०)। आमसञ्चार र समावेशी पत्रकारिता । सन्दर्भ मिडिया प्रा.लि.।

३६ Ibid

दलितका १३ वटा (०.३६ प्रतिशत) र मुस्लिम समुदायका ४ वटा (०.११ प्रतिशत) सामग्री प्रकाशित भएका पाइएको थियो ।[३७]

त्यसैगरी यही अवधिमा एपिवन, कान्तिपुर, योहो र इमेज टेलिभिजनमा लिइएका ४ सय २५ अन्तर्वार्तामा ७२. ७० प्रतिशत खस/आर्यको[३८] थियो । यसबाट पनि सञ्चार माध्यमले प्रस्तुत गर्ने सामग्रीमा असन्तुलन प्रष्टिन्छ ।

यसरी नै मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्रका अनुसन्धानकर्ताले २०५७ मा काठमाडौँ र मोफसलका २२ वटा शहरी क्षेत्रका ११४ वटा प्रकाशन गृहमा गरेको सर्वेक्षणमा महिला उपस्थिति ५ प्रतिशत पाइएको थियो । यसरी नै टङ्क उप्रेतीले सन् २००७ मा ५ वटा नेपाली टेलिभिजन च्यानलमा गरेका सर्वेक्षणमा महिला उपस्थिति १८.७ प्रतिशत पाइएको थियो ।

सञ्चार गृहमा संलग्न जनजातितर्फ हेर्दा मार्टिन चौतारीको सोही सर्वेक्षणअनुसार सम्पादकीय विभागमा काम गर्ने १ हजार ६ सय ४९ मध्ये ३ सय १३ जना जनजाति पाइएका थिए । यो भनेको १९ प्रतिशत हो । जनजातिमा पनि ४८ प्रतिशत नेवार समुदायका थिए । उप्रेतीको सर्वेक्षणमा भने जनजाति ३८.५ प्रतिशत पाइएका थिए ।

पत्रकारितामा दलित समुदायको उपस्थिति हेर्दा मार्टिन चौतारीको सोही सर्वेक्षणमा २८ जना (१.७ प्रतिशत) पाइएको थियो भने सञ्चारिका समूहले २०६१/६१ मा गरेको सर्वेक्षण (४८ जिल्लामा कार्यरत २२४ महिलामध्ये) मा जम्मा ४ जना दलित भेटिएका थिए । यो भनेको १.८ प्रतिशत हुन आउँछ ।

जनजाति, महिला र दलित मात्र हैन, सञ्चार गृहहरूमा मधेसीको उपस्थिति पनि सन्तोषजनक नरहेको सर्वेक्षण/अध्ययनले देखाएका छन् । जस्तो– उप्रेतीको सोही सर्वेक्षणअनुसार मधेसीको प्रतिशत ५.७ मात्र पाइएको थियो । यसैगरी सञ्चारिका समूहको सोही सर्वेक्षणले २२४ महिला सञ्चारकर्मी मध्ये ४ जना मात्र मधेसी भेट्टाएको थियो । सन् २००६ मा मोहनसिंह लामाले काठमाडौँका १६ प्रकाशन गृह, रेडियो र टेलिभिजन च्यानलमा सर्वेक्षण गर्दा ३ सय ९८ मध्ये १४ जना (३.५ प्रतिशत) मात्र मधेसी पाएका थिए ।[३९] यी यस्ता तथ्याङ्क हुन् जसले नेपाली सञ्चार गृहहरु पहिलेदेखि अहिलेसम्म नै समावेशिताका हिसावले असन्तुलित रहेका पुष्टि गर्छन् ।

जागरण मिडिया सेन्टरका लागि सुशील बिकेले गरेका एउटा अध्ययनले निजी क्षेत्रका ठूला भनिने पत्रिकाले दलितसँग सम्बन्धित सामग्रीलाई एकदम कम स्थान दिएका देखाएको छ । विक्रम संवत् २०८० चैतमा सार्वजनिक उनको अध्ययनअनुसार पछिल्लो समय कान्तिपुर दैनिकको ०.४३, नयाँ पत्रिकाको ०.४६, नागरिकको ०.९९ र अन्नपूर्ण पोस्टको ०.४८ प्रतिशत समाचार मात्र जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित थिए ।[४०]

२०७८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्यामा महिला ५१.०४ प्रतिशत, आदिवासी जनजाति समुदाय ३४.८७ प्रतिशत, मधेसी २२.२२ प्रतिशत, क्षत्री १६.४५ प्रतिशत, पहाडी ब्राह्मण ११.२९ प्रतिशत, दलित १३.४ प्रतिशत र मुस्लिम ५.०९ प्रतिशत छ । तर जनसङ्ख्या अनुपातको तुलनामा नेपालका राष्ट्रिय दैनिकहरूमा यी समुदायसम्बन्धी सामग्रीको प्रकाशन भने अत्यन्त न्यून रहेको थाहा पाउन माथिका तथ्याङ्क नै साक्षी छन् ।

'नेपाली समाजको बहुलवादी चरित्रलाई मिडियाले स्थान दिने हो भने मिडिया आफैँ पनि बहुलवादी हुनुपर्छ अर्थात मिडिया आफैँ पनि विविधताले पूर्ण हुनुपर्छ । यसले मात्र समाजको विविधतालाई मिडियामा स्थान दिन टेवा पुग्छ अथवा मिडियाको सामग्रीलाई विविधतायुक्त गर्न सहयोग मिल्छ ।'[४१]

३७ Ibid

३८ Ibid

३९ वन्त, प्रत्युष । (२०६४) । समावेशी मिडिया : बहसको खाका । समावेशी मिडिया । काठमाडौँ : मार्टिन चौतारी ।

४० बिके, सुशील (२०८० चैत) । आमसञ्चारमा दलित सवाल र समावेशीकरण विषयक कार्यपत्र । जागरण मिडिया सेन्टर

४१ थापा, मञ्जुश्री र शुभेच्छाविन्दु तुलाधर । (२०१४) । मिडियामा सामाजिक विविधता र लैङ्गिक समानता, काठमाडौँ : युनेस्को काठमाडौँ कार्यालय ।

# ४. छलफल र अबको बाटो

माथि गरिएका यी छलफल र विश्लेषणहरूबाट के स्पष्ट देखिन्छ भने वि.सं. २०६२/२०६३ को आन्दोलनपश्चात मुलुकले नयाँ समावेशी संविधान प्राप्त गरेपछि त्यसैअनुरूप समावेशीकरणसम्बन्धी विभिन्न काम हुँदै आएका देखिन्छ । सञ्चारसम्बन्धी समावेशी ऐन बनेको भए समस्या हल हुने थियो तर त्यो बनेको छैन । प्रस्तावित राष्ट्रिय आमसञ्चार विधेयक, २०८० र नेपाल मिडिया काउन्सिल विधेयक, २०८० नेपालको संविधान र आमसञ्चार नीतिअनुकूल छैन । यो आमसञ्चार क्षेत्रलाई अघि बढ्न नेतृत्वदायी कार्य गर्ने विधेयक भए पनि यसले संविधान, समावेशिता र सङ्घीयतालाई भने चिन्दैन । तथापि व्यवहारमा ती ऐनको कार्यान्वयन पक्ष भने जटिल देखिएको छ । कतिपय ऐन आफैँ पर्याप्त छैनन् भने कतिपय प्रसङ्गमा भएका ऐन पनि सशक्त ढङ्गले कार्यान्वयन भएका छैनन् । त्यसैले त्यस्ता ऐनको मिहीन ढङ्गले विश्लेषण गरी आवश्यक संशोधन वा सुधार गर्नुपर्ने आवश्यकता छ ।

सञ्चारसम्बन्धी सरकारी निकायहरु जस्तो कि गोरखापत्र संस्थान, रासस, नेपाल टेलिभिजन आदिमा समावेशी नीति अङ्गीकार गरेर कर्मचारी नियुक्त गर्दा पनि समानुपातिक, समावेशीकरण लागु गर्न सकिएको देखिँदैन । साथै समावेशीकरणको कोटा वा सुविधाबाट नियुक्त भएका जनशक्तिले पनि साँच्चै त्यहीअनुरूपको कार्य गरिरहेका छन् कि छैनन्, त्यसको पनि अनुगमन र मूल्याङ्कन हुनु आवश्यक छ । समावेशीकरणको नीतिबाट प्राप्त सुविधा मात्र उपभोग गरेर यदि कार्यचाहिँ त्यसअनुरूप गरिरहेका छैनन् भने त्यस्तो अवस्थामा दण्ड सजायको व्यवस्था पनि गर्नुपर्ने हुन्छ ।

सञ्चार माध्यमहरूले समावेशीकरणका नाममा जातीयरूपमा कर्मचारी नियुक्त गरेर मात्र हुँदैन । ती सञ्चार माध्यमले उत्पादन गर्ने सामग्रीहरु पनि समावेशी हुनुपर्छ । यसका लागि सञ्चार प्रतिष्ठानको नीति नै स्पष्ट हुनु जरूरी छ । सञ्चार माध्यम विशेषतः निजी क्षेत्रबाटै अत्यधिक सञ्चालित भएका कारण यसमा निजी क्षेत्रको सक्रियता अत्यन्त आवश्यक छ ।

यी कार्य अघि बढाउनका लागि योसँग सम्बन्धित विभिन्न निकायले विभिन्न कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ । अब गर्नुपर्ने कार्यको सूची निम्नानुसार राख्न सकिन्छ :

## ४.१ कानुन कार्यान्वयन

सरकारी सञ्चार माध्यमहरूमा नयाँ कर्मचारी नियुक्ति गर्दा कानुनमै व्यवस्था गरिएको समानुपातिक समावेशीको सिद्धान्त पूर्ण कार्यान्वयन नभएको स्पष्ट छ । अतः भएका कानुनहरूको कडाइपूर्वक कार्यान्वयन आवश्यक छ । सञ्चारसम्बन्धी कानुनी व्यवस्थाहरु पूर्ण कार्यान्वयन नहुनु सञ्चार क्षेत्र मात्र होइन, सिङ्गो कानुनी राज्यकै लागि चुनौती हो ।

## ४.२ कानुनमा आवश्यक सुधार एवम् संशोधन

सञ्चारलाई समावेशी बनाउन मौजुदा नीति तथा ऐनहरूमै पनि केही संशोधन गर्नुपर्ने देखिन्छ । सञ्चारसम्बन्धी विभिन्न ऐन एवं नियमहरूमा गरिएको व्यवस्था पर्याप्त नभएकोबारे माथि चर्चा गरिएको छ । ती ऐन संशोधन एवं केही विषय थप गर्नुपर्ने देखिन्छ ।

## ४.३ विभिन्न निकायले गर्नुपर्ने कार्य

समावेशी नेपाली मिडियाको सङ्कल्प साकार पार्न कुनै पक्ष मात्र नभई विभिन्न पक्षले विभिन्न प्रकारकै कार्य गर्नुपर्ने आवश्यकता छ । जस्तो- मिडियाकर्मी, सञ्चार प्रतिष्ठान, पत्रकार सङ्गठनहरु, समावेशी पक्षधर जातीय, भाषिक एवं लैङ्गिक निकायहरूले समावेशीकरण मिडियाका लागि धेरै काम गर्न सक्छन् ।

### ४.३.१ सञ्चार प्रतिष्ठानहरूले गर्नुपर्ने कार्य

सञ्चार कर्मको मुख्य थलो सञ्चार प्रतिष्ठान नै हुन् । त्यसैले समावेशी मिडियाका लागि सबै भन्दा प्रमुख कार्य गर्नुपर्ने निकाय सञ्चार प्रतिष्ठान हुन् । यसका लागि सञ्चार प्रतिष्ठानहरूले आफूलाई आवश्यक सञ्चारसम्बन्धी जनशक्ति नियुक्त गर्दा समावेशी सिद्धान्त अपनाउनुपर्छ भने सञ्चारका सामग्री उत्पादन गर्दा पनि समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्छ ।

### ४.३.२ सञ्चार सङ्गठनहरूले गर्नुपर्ने कार्य

सञ्चारकर्मीहरूको हकहित सुरक्षाका लागि विभिन्न पत्रकार सङ्गठनहरु अस्तित्वमा छन् । जसमध्ये नेपाल पत्रकार महासङ्घ प्रमुख निकाय हो । यो महासङ्घ पत्रकारहरूको सबै भन्दा ठूलो सङ्गठन पनि हो । यसले सञ्चार प्रतिष्ठानहरूलाई समावेशी नियुक्तिका लागि दबाब दिने र आफू आबद्ध पत्रकारहरूलाई पनि समावेशीका मुद्दामा साक्षर तुल्याउँदै जाने कार्य गर्नुपर्छ ।

### ४.३.३ राजनीतिक दल आबद्ध पत्रकार सङ्घहरूले गर्नुपर्ने कार्य

अहिले पत्रकारहरूको हकहितका लागि विभिन्न राजनीतिक दलका भातृ सङ्गठनका रूपमा पत्रकार सङ्घहरु स्थापना भएका छन् । ती पत्रकार सङ्घहरूले आआफ्नो राजनीतिक दलहरूलाई समावेशी मिडियाका लागि सुझाव दिन सक्छन् । यसले राजनीतिक दलहरु सक्रिय हुन्छन् र यो मुद्दालाई राजनीतिकरूपले नै हल गर्न पहल हुन थाल्छ । समावेशीकरण राजनीतिक मुद्दा भएकाले यसलाई चलायमान बनाउन राजनीतिक दलहरूको भूमिका अपरिहार्य छ । त्यसैले यसमा दल आबद्ध पत्रकार सङ्घहरूले दरिलो भूमिका निर्वाह गर्न सक्छन् ।

### ४.३.४ आदिवासी जनजाति महासङ्घले गर्नुपर्ने कार्य

समावेशी मुद्दा सुरुमा आदिवासी जनजाति समूहबाटै उठेको हो । सञ्चार क्षेत्रमा पनि समावेशीकरणको मुद्दा स्थापित गर्न आदिवासी जनजातिहरूले अहम् भूमिका निर्वाह गर्न सक्छन् । यसका लागि आदिवासी जनजाति महासङ्घलगायत अन्य जातीय सङ्घ/संस्थाले सञ्चारसम्बन्धी सरकारी र निजी प्रतिष्ठानहरूसँग समन्वय र सहकार्य गर्नुपर्छ । अहिले जनजाति आयोग पनि अस्तित्वमा आइसकेको अवस्थामा आयोगले पनि यसका लागि राज्यलाई सुझाव दिन र घच्घच्याउनुपर्छ ।

### ४.३.५ महिलासम्बन्धी संस्थाहरूले गर्नुपर्ने कार्य

महिला हकहितका लागि हाल संविधानले महिला मन्त्रालयलगायत महिला आयोग जस्ता निकायसमेत गठन गरिसकेको छ । योबाहेक हरेक राजनीतिक दल र अन्य स्वतन्त्र व्यक्तिहरूको महिलासम्बन्धी सङ्गठन बनेको छ । पत्रकारिता क्षेत्रमा पनि पत्रकार महिलाको छुट्टै सङ्गठन छ । यी महिला आबद्ध निकायहरूले राज्य र सञ्चार प्रतिष्ठानहरूलाई लैङ्गिकमैत्री समावेशी पत्रकारिताका लागि आवश्यक दबाब दिन सक्छन् ।

### ४.३.६ दलितसम्बन्धी संस्थाहरूले गर्नुपर्ने कार्य

नेपालको सञ्चार क्षेत्रमा दलित समुदायको पहुँच निकै कमजोर छ । यसका लागि दलित समुदायसँग आबद्ध सरकारी र गैरसरकारी निकायहरूले राज्यको निर्णायक तहलगायत अन्य निजी क्षेत्रका सञ्चार प्रतिष्ठानहरूलाई दलितको सङ्ख्या वृद्धि र सामग्री निरन्तर प्रकाशन आदिका लागि दबाब दिन सक्छन् ।

## ४.४ निजी सञ्चार माध्यमहरूका लागि कार्यक्रम

समावेशीकरणको मुद्दा केवल राज्यको मात्र होइन । यो सामाजिक जिम्मेवारी महसुस गर्ने सबैको साझा सवाल हो । त्यसैले राज्य नियन्त्रित सञ्चार माध्यम मात्र होइन, निजी क्षेत्रका सञ्चार माध्यमहरूलाई पनि यसमा सँगै लानुपर्ने आवश्यकता हुन्छ । यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न के गर्ने भन्ने प्रश्नमा जवाफदेहिता आवश्यक छ । मुलुकमा राज्य नियन्त्रित भन्दा निजी क्षेत्रबाट सञ्चालित सञ्चार माध्यमहरूको सङ्ख्या अत्यधिक भएका कारण निजी सञ्चार माध्यमहरु यसमा संलग्न नभइकन समावेशी सञ्चारको मुद्दा अघि बढाउन सकिँदैन । निजी क्षेत्रलाई यसमा आकर्षित गर्न राज्यले विशिष्ट नीति बनाउनुपर्छ । जस्तो- समावेशीकरणलाई ध्यान दिने सञ्चार माध्यमहरूलाई कागज खरिद, कर भुक्तानी, उपकरण आयात, विज्ञापन आदि जस्ता क्षेत्रमा छूट वा अन्य कुनै सुविधा दिन सकिन्छ ।

निजी क्षेत्रका मुद्रण माध्यमहरूले आफूले जुन क्षेत्रबाट पत्रिका प्रकाशन गर्ने हो उक्त क्षेत्रमा बोलिने कुनै एक भाषाको पृष्ठ थप गरेर भाषिक समावेशीकरणको अभ्यास गर्न सक्छन् । अथवा महिला, दलित, आदिवासी जनजातिका विषयमा पनि नियमितरूपमा थप पृष्ठको

व्यवस्था गरी समावेशीकरणको नीति कार्यान्वयनलाई बढावा दिन सकिन्छ ।

त्यसैगरी रेडियो, टेलिभिजनले पनि थप समय छुट्याएर समावेशी कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ भने अनलाइन माध्यमहरूले स्थानीय भाषाको छुट्टै सेवा व्यवस्था गरेर यसको अभ्यास गर्न सकिन्छ । राज्यले यी कामलाई प्रोत्साहन गर्न सुविधासहितको नीति बनाउनु आवश्यक छ । त्यसो त प्रेसको आफ्नै पनि सामाजिक दायित्व हुन्छ । सन् १९४४ मा अमेरिकामा सार्वजनिक भएको हचिन्स आयोगले प्रेस आफैँ स्वतन्त्र हुन्छ भन्ने अवधारणा स्वीकार्दै यसका साथै प्रेसको सामाजिक दायित्व पनि हुन्छ भन्ने नीति अघि बढाएको थियो । 'कुनै पनि मुलुकमा प्रेस मात्रै एउटा यस्तो पेसा हो जसको नाम संविधानमा उल्लेख गरिएको हुन्छ । त्यसैले यसले निर्वाह गर्नुपर्ने सामाजिक दायित्व अन्यको भन्दा भिन्न पनि हुन्छ ।'[४२] यसो गर्नाले प्रेसको आफ्नै गौरव र विश्वसनीयता पनि वृद्धि हुन्छ ।

४२ MARGARET A. BLANCHARD, The Hutchins Commission, The Press and the Responsibility Concept, 1977, pp. 8